# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदेखा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नम्बर :

प्रेस-विज्ञप्ति

मितिः२०७८ पौष १८ गते।

विषयःसवारी दुर्घटना सम्बन्धमा।

मिति २०७८ पौष १८ गतेका दिन अर्घाखाँची जिल्लाको मालारानी-२, कुभिण्डेका वीर बहादुर वि.क. को बुटवलमा मृत्यु भएको र निजको शव लिएर अन्तिम दाहसंस्कारको लागि गुल्मी जिल्लाको रिडी नदीमा जाँदै गरेको सागर जाने मृतकका आफन्तजनहरू सवार बस पाल्पा जिल्लाको रिब्दिकोट गाउँपालिकाको लघुवामा दुर्घटना हुँदा ८ जनाको मृत्यु भएको, १५ जना घाइते भएको दुखद खवरले हामी अत्यन्त स्तब्ध भएका छौं। शोकको यस घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना एवं भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं। शोकाकुल आफन्तजन तथा परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै धैर्यधारण गर्नको लागि हार्दिक अनुरोध गर्दछौं।

यस दुखद घडीमा मिति २०७८ पौष १९ गते हुने मालारानी गाउँ कार्यपालिकाको बैठक स्थगित गरिएको छ। साथै शोकाकुल यस घडीमा यस गाउँपालिकाको वडा नं २ स्थित सम्पूर्ण सरकारी निकायहरू मिति २०७८ पौष १९ गते बन्द गर्ने निर्णय भएको व्यहोरा समेत अनुरोध छ।

बालकृष्ण शर्मा ( आचार्य)
अध्यक्ष
तथा मालारानी गाउँपालिका परिवार

बालकृष्ण शर्मा (आचार्य)
अध्यक्ष